आज मिति २०८१/०७/१४ गते बुधबार निस्दी गाउँपालिका, गाउँ कार्यपालिकाको ७० औं बैठक निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५. कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६. सदस्य सचिव श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी

१७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. लेखा अधिकृत श्री सरोज काफ्ले

१९. कार्यालय सहयोगी श्री शोभा कुमारी फाल

२०. है.प्र श्री मिनिमाया सुनारी

**मिति २०८१। ०७।१४ गते बस्ने निस्दी गाउँपालिकाको ७० औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा ।

२. वातावरणीय अध्ययन प्रतिवेदन सम्वन्धमा ।

३. थ्रेसर मेसिन खरिद सम्वन्धमा ।

४. निस्दी गाउँपालिकाको कार्यविधिहरु पारित गर्ने सम्वन्धमा ।

५. अ न मी विज्ञापन सम्वन्धमा ।

६. ब्याकहो लोडर परिचालन सम्वन्धमा ।

७. विपद्को विवरण र आर्थिक सहयोग सम्वन्धमा ।

८. उपभोक्ता तालिम तथा एकिकृत घुम्ति शिविर संचालन सम्वन्धमा ।

९. प्रहरी चौकी व्यवस्थापन शिर्षकको रकम वाँडफाँड सम्वन्धमा ।

१०. निस्दी गाउँपालिकाको लोगो सम्वन्धमा ।

११. विविध ।

२०८१।०७।१४

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश नेपाल
मित्याल, पाल्पा

सुक्र बहादुर ...
अध्यक्ष

**मिति २०८१।०७।१४ गते बसेको निस्दी गाउँपालिकाको ७० औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो । सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन , जनगुनासो र जनगुनासोको सम्बोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाउँपालिका अन्तरगतका घाटहरुको वातावरणिय अध्ययन प्रतिवेदन २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं ७ ज्यामिरे को वडा स्तरिय कार्यक्रम आरुङखोला थ्रेसर मेशिन तथा कृषि यन्त्र खरिद शिर्षकमा रहेको रकम रु ८ लाख वाट थ्रेसर मेशिन हाते ट्याक्टर र मिनिटिलर खरिद गरि वडा नं ७ को कृषकलाइ ७५ प्रतिशत अनुदानमा यन्त्र हस्तान्त्रण गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा देहायको कार्यविधि सर्वसम्मत पारित गरियो ।

क) निस्दी गाउँपालिका कृषि मेसिनरी खरिद तथा वितरण कार्यविधी २०८१

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको सामुदाइक स्वास्थ्य इकाइ भोटाहामा रिक्त रहेको अ.न.मी को दरवन्दी १ मा करार पदपूर्ति गर्न गाउँकार्यपालिकाको कार्यालय लाइ निर्देशन दिने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं ४ मित्यालको वडा स्तरीय बजेट सिलिङ्ग वडा कार्यालय व्यवस्थापन शिर्षकबाट वडा नं ४ को जनप्रतिनिधि र कर्मचारी पञ्जीकरण संग सम्वन्धित सेवा प्रवाहको अवस्थाको अनुभव आदान प्रदान गर्न जान आउन गाडी भाडा स्वीकृत गर्ने , निस्दी गाउँपालिका वडा नं ४ मित्याल लामेदमारमा मनसुनजन्य विपद्को कारण मोटर वाटो मर्मत गर्दा १९ ट्रिप ट्याक्टर र १४ जना लेवरको खर्च मर्मत संभार कोष बाट भूक्तानी गर्ने र लु १ ब १०७० मोटरसाइकल मर्मत रकम रु ३० हजार सवारी साधन मर्मत शिर्षक बाट भूक्तानी गर्ने निर्णय गरियो ।

७.प्रस्ताब नं ७ माथि छलफल गर्दा निस्दी गाउँपालिका अन्तरगतका वडाहरुमा मनसुनजन्य विपद् र अन्य विपद् बाट भएको क्षतिको विवरण गाउँ कार्यपालिकाको कार्यालयमा वुझाउन निर्देशन दिइयो । विपद्मा परेको घर परिवार लाइ गाउँपालिका अध्यक्षको तोक आदेशमा देहाय अनुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

२०८१।०७।१४

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

क) घर र गोठ पूर्ण क्षति भएमा - रु ३५ हजार सम्म

ख ) घर पूर्ण क्षति भएमा - रु २५ हजार सम्म

ग) पूर्वाधार ,खेत, वारी लगाएत अन्य आर्थिक सहयोग - रु १० हजार सम्म

साथै अन्य विषयमा गरिब ,असक्त, अपांग र संघ संस्था  लाइ आर्थिक सहयोग गर्न परे गाउँपालिका अध्यक्षको तोक आदेशमा रु २० हजार सम्म आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं  माथि छलफल गर्दा आयोजना उपभोक्ता तालिम २०८१ मंसिर पहिलो हप्ता र एकिकृत घुम्ति शिविर २०८१ मंसिर अन्तिम हप्ता देखि संचालन गर्ने गरी तयारी गर्न गाउँ कार्यपालिकाको कार्यालय लाइ निर्देशन दिइयो ।

९. प्रस्ताव नं १ माथि छलफल गर्दा प्रहरी चौकी व्यवस्थापन शिर्षकको रु ३ लाख लाइ तिन वटा प्रहरी चौकी लाइ देहाय अनुसार खर्च गर्ने गरि विनियोजन गरियो ।

क) रुक्से भञ्ज्याङ प्रहरी चौकी - रु २ लाख

ख) जब्गादी प्रहरी चौकी - रु ४० हजार

ग) केलादी प्रहरी चौकी -रु ६० हजार

१०. प्रस्ताव नं ११ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको मूल्यांकन समिति बाट पेश भएको निस्दी गाउँपालिकाको लोगो स्वीकृत गर्ने निर्णय गरियो ।

११. क) प्रस्ताव नं १२ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं १ बाकामलाङ मा प्रहरी चौकी स्थापना गर्न सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

ख) निस्दी गाउँपालिका वडा नं ३ झिरुवासमा रहेको काउले डाँडा कबुलियति वनमा पर्यटन शुल्क उठाउन , सरसफाइ गर्न १ जना हेरालु राख्ने र हेरालुलाइ मासिक रु ६००० र पर्यटन शुल्क उठेको रकमको २५ प्रतिशत प्रदान गर्ने निर्णय गरियो ।

ग) निस्दी गाउँपालिकाको प्रतिनिधित्व गरि मण्डली स्पोर्ट क्लव ,पूर्वखोलामा सहभागी हुने पुरुष भलिवल टिमलाइ खाना ,खाजा , वास तथा तयारी खर्च रु ५० हजार विविध खर्च शिर्षक बाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

२०८१/६/१४

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

मुक्त बहादुर
अध्यक्ष